बखतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ,दैलेख
कर्णाली प्रदेश,नेपाल

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १** : मुख्यमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. २** : स्थापना दिवस मनाउने सम्वन्धमा ।

**प्रस्ताव नं. ३** : विद्युत लाईन विस्तार सम्वन्धमा ।

**प्रस्ताव नं. ४** : भगवती मा.वि. थुवाँमा का.स. नियुक्ति गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ५** : कार्यविधि स्वीकृत सम्वन्धमा ।

**प्रस्ताव नं. ६** : चालु आ.व. २०७७/०७८ को आन्तरिक लेखा परीक्षण सम्वन्धमा ।

**प्रस्ताव नं. ७** : कृषि कार्यक्रम प्राथमिकरण गरी पठाउने सम्वन्धमा ।

**प्रस्ताव नं. ८** : कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन सम्वन्धमा ।

**प्रस्ताव नं. ९** : विविध ।

**निर्णय नं. १ :**

प्रदेश सरकारबाट प्राप्त मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने योजनाहरु कार्यान्वयनको लागि वेरोजगार सूचीमा सूचीकृत व्यक्तिहरुको लागि कम्तिमा ६० दिन बराबर रोजगारी प्रदान गर्ने गरी बेरोजगार व्यक्तिहरु छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

नेपाल सरकारबाट मिति २०७३ फागुन २७ गते नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम यस गाउँपालिकाको स्थापना भएको सु-अवसरमा पाँचौं स्थापना दिवस २०७७ फागनु २७ गते देखी २९ गतेसम्म भव्यताको साथ मनाउने र सो अवसरमा वडा स्तरीय भलिबल(पुरुष तर्फ) र वडास्तरीय व्यामिन्टन प्रतियोगिता(पुरुष तर्फ-डबल) आयोजना गर्ने निर्णय गरियो । स्थापना दिवस सुव्यवस्थित र भव्यतापूर्वक संचालन गर्नको लागि देहाका शिर्षकहरुबाट रकम खर्च गर्ने ।

| क्र.सं. | शिर्षक | श्रोत | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | खेलकूद प्रतियोगिता संचालन तथा खेलकुद क्रियाकलापमा सहभागी खर्च | आन्तरिक श्रोत | २५००००। | |
| २. | कार्यक्रम खर्च | नेपाल सरकार, राजश्व बाँडफाँड | ४०००००। | |

**निर्णय नं. ३ :**

ग्रामिण विद्युतीकरण विभाग र यस गाउँपालिकाको साझेदारीमा गाउँपालिकाको ७ वटै वडामा संचालित ग्रामिण विद्युतीकरण आयोजना अन्तर्गत सबै टोल तथा वस्तीमा विद्युत पोल तथा लाईन विस्तार कार्य सम्पन्न गर्नको लागि लागत अनुमानमा केहि पोल तथा विद्युत तार तान्ने कार्यको कमी भएको र सो अपुग पोल प्रदेश सरकारबाट प्राप्त हुने र तार ग्रामीण विद्युतीकरण अन्तर्गतको निर्माण व्यवसायीबाट प्राप्त हुने भएकोले सो पोल गाड्न आवश्यक खाल्डो खन्ने कार्य र तार तान्ने कार्य यस गाउँपालिकाबाट गर्नुपर्ने भएकोले सो को लागि **नेपाल सरकार वित्तीय समानीकरण अनुदान अन्तर्गत अन्य साझेदारी कार्यक्रमबाट** रकम खर्च गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

बखतबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. ५ स्थित श्री भगवती माध्यामिक विद्यालयमा कार्यालय सहयोगी पद रिक्त रहेको हुँदा उक्त कार्यालय सहयोगी पदमा करार सेवामा लिन नियुक्ति प्रक्रिया अगाडी बढाउन शिक्षा, युवा तथा खेलकूद शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

विषयगत शाखाबाट तर्जुमा भई पेश हुन आएका निम्न कार्यविधिहरु छलफल तथा राय सुझावको लागि विधेयक समितिमा पठाउने ।

**तपसिलः**

१.स्थानीय लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि, २०७७

२. राजश्व परामर्श समितिको कार्य सञ्चालन कार्यविधि, २०७७

३. बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सञ्चालन कार्यविधि, २०७७

**निर्णय नं. ६ :**

यस गाउँपालिकाको आन्तरिक लेखा परीक्षण शाखामा काम गर्ने कर्मचारी पदपूर्ति भइ नसकेको हुँदा चालु आ.व. २०७७/०७८ को आर्थिक कारोबार र श्रेस्ताहरुको आन्तरिक लेखा परीक्षणको लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

कर्णाली प्रदेश सरकार भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, कृषि विकास कार्यालय, दैलेखबाट आ.व. २०७८/०७९ का लागि संचालन हुने कृषि सम्बन्धी योजनाहरुको गाउँपालिका स्तरबाट प्राथमिकरण गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८ :**

यस अघि गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वयनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. ०१ स्थित हे.पो.-मानाखोला सडक अन्तर्गत काप्रा टोलमा पहिरोको कारण घर जोखिममा रहेकोले गत आ.व.मा ग्याबियन जाली लगाउन रु. १००००० बजेट निर्णय भएकोमा गत आ.व.को अषाढ महिनामा बर्षाको कारण सो कार्य हुन नसकी यस चालु आ.व. २०७७/०७८ मा कार्य सम्पन्न भएकोले रु. १०००००। आकस्मिक कोषबाट खर्च गर्ने निणर्य गरियो ।



Scanned with CamScanner